## श्री उच्च अदालत पाटनमा दायर गरेको

विषयः नेपालको संविधान, २०७२ को धारा ४६, १४४ बमोजिम उत्प्रेषण, परमादेश लगायतका उपयुक्त आदेश जारी गरिपाऊँ ।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं १० बस्ने वरिष्ठ अधिवक्ता उत्तम बहादुर श्रेष्ठ (मोबाइल नं ९८४१३२१५६८) ..........................................१ निवेदक

विरुद्ध

सीडीएस एन्ड क्लियरिङ लिमिटेड (सीडीएससी), पुतलीसडक, काठमाडौं.....................१

सञ्चालक समिति, सीडीएस एन्ड क्लियरिङ लिमिटेड (सीडीएससी), पुतलीसडक, काठमाडौं..........................................................................................२ प्रत्यर्थी

सीडीएससीको प्रबन्ध सञ्चालक तथा कार्यकारी प्रमुखको पदमा गैरकानूनी रुपमा नियुक्त हुनु भएको श्री प्रविन पन्दाक, सीडीएस एन्ड क्लियरिङ लिमिटेड (सीडीएससी), पुतलीसडक, काठमाडौं..........................................................................................३ विपक्षी

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ..........................................४

नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ..........................................................५

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से), यूएनआई शान्तिमार्ग, भद्रकाली, काठमाडौं .....६

प्रमुख कार्यकारी अधिकृत, नेप्से, भद्रकाली, काठमाडौं —६

मुद्दाः उत्प्रेषण, परमादेश समेत ।

म रिटनिवेदकहरु नियम बमोजिम लाग्ने दस्तूर बुझाई निम्नलिखित निवेदन गर्दछु:-

१. म रिटनिवेदक नेपाली नागरिक हुनुको साथै कानूनपेसाकर्मीको हैसियतले लामो समयदेखि देश तथा आम नागरिकहरुको हक हितको संरक्षण संवर्द्धनका लागि समेत क्रियाशील रहदै आएको छु ।

२. आधुनिक समयमा धितोपत्र वा शेयर बजारको ठूलो महत्व रहेको छ । यसको प्रत्यक्ष सम्बन्ध आर्थिक क्षेत्रसँग हुनुको साथै आम नागरिक लगानीकर्ताहरु र राष्ट्रकै आर्थिक तथा

वित्तीय क्षेत्रमा यसको स्थान छ । धितोपत्र बजारको सम्बन्धमा नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन), एकाधिकार संस्थाको रुपमा रहेको नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) र त्यस अन्तर्गतको निकाय सीडीएस एन्ड क्लियरिङ लिमिटेड (सीडीएससी) रहेको देखिन्छ । सीडीएससीको मुख्य काम धितोपत्र राफसाफ गर्ने रहेको हुँदा सीडीएससी विशेष महत्वपूर्ण र संवेदनशील संस्था हो । यसको सञ्चालक समितिको मातहतमा प्रबन्ध सञ्चालक तथा कार्यकारी प्रमुख (यसपछि "सीईओ" भनिने) निर्णायक पदाधिकारीको रुपमा रहन्छ । अतः सीडीएससीको सीईओको जिम्मेवारी र महत्व ठूलो छ । तर मिति २०८१।०९।१४ मा सीडीएससी सञ्चालक समितिद्वारा सीडीएससीको सीईओमा विवादास्पद व्यक्ति प्रविन पन्दाकलाई नियुक्ति गरिएको छ जुन नियुक्तिको वैधता पुष्टि हुने अवस्था छैन र त्यस्तो नियुक्ति संविधान, प्रचलित कानून, धितोपत्रसँग सम्बन्धित आम नागरिक तथा व्यक्तिहरु र राष्ट्रको आर्थिक सुशासनसम्बन्धी मूल्य मान्यता तथा सिद्धान्तहरु समेतको विपरीत भई धितोपत्र बजारको हितविरुद्ध भएको स्पष्ट छ । संविधानको धारा २५ बमोजिम सम्पत्तिको हकको उपधारा (१), (४), धारा ३३ बमोजिम रोजगारीको हकको उपधारा (१), (२), धारा ४२ बमोजिम सामाजिक न्यायको हकको उपधारा (२), धारा ४४ बमोजिम उपभोक्ताको हकको उपधारा (१), (२) बमोजिमका मौलिक हकहरु र धारा ४८ बमोजिम नागरिकका कर्तव्यका खण्ड (ख), (घ) समेतको प्रतिकूल छ । त्यस्तो विवादास्पद व्यक्तिलाई सीडीएससीको सीईओको रुपमा गरिएको गैरकानूनी तथा त्रुटीपूर्ण नियुक्ति खारेज वा बदर गरी वा फिर्ता लिई अर्को योग्य, इमानदार, क्षमतावान्, भरोसायुक्त, उच्च नैतिक चरीत्र भएको र विवादरहित नेपालीलाई सीडीएससीमा कानूनबमोजिम तत्काल नियुक्ति गरी समस्त धितोपत्र बजारसँग सम्बन्धित व्यक्तिहरु र राष्ट्रको हित हुने गरी काम गर्नुपर्ने विपक्षीहरुको काम, कर्तव्य, जिम्मेवारी तथा दायित्व भएको तर विपक्षीहरुले सो नगरेको हुँदा, यस्तो गम्भीर तथा संवेदनशील राष्ट्रिय स्तरको सार्वजनिक हक वा सरोकारको महत्वपूर्ण विषयमा अन्य प्रभावकारी संवैधानिक तथा कानूनी उपचारको अभावमा संविधानको धारा ४६ बमोजिम मौलिक हकको प्रचलनका लागि ऐ धारा १४४ बमोजिम उपयुक्त उपचारात्मक आदेश जारी गरिपाउन यसै सम्मानित अदालतसमक्ष यो रिटनिवेदन लिई उपस्थित भएको छु ।

३. नेप्सेकी कर्मचारी प्रविन पन्दाकलाई मिति २०८१।०९।१५ मा सीडीएस एन्ड क्लियरिङ लिमिटेड (सीडीएससी) को चार वर्ष कार्यकाल हुने व्यवस्था रहेको सीईओको पदमा नियुक्त गरिएको देखिन्छ । तर त्यसरी नियुक्ति गर्दा देशको पूँजीबजारको संवेदनशील संस्थाको

रुपमा रहेको सीडीएससीमा प्रचलित कानून बमोजिम योग्यता पुगेको दक्ष, इमानदार, उच्च कार्यशैली भएको र राष्ट्रहितप्रति प्रतिबद्ध व्यक्ति नियुक्त गर्नुपर्नेमा त्यसो भए गरेको देखिदैन ।

४. सीडीएससीको स्थापनाका लागि भारत सरकारद्वारा प्राप्त अनुदानलाई नेपाल सरकारको सेयर स्वामित्वको रहनुपर्ने भनी महालेखा परीक्षकको कार्यालयको निरन्तर दवावपश्चात् नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८१।०२।०९ को मन्त्रीस्तरीय निर्णयबाट ४९.७ प्रतिशत शेयर स्वामित्व नेपाल सरकारको नाममा गर्न निर्देशन भएको र नेपाल सरकारको स्वामित्व भएका संस्थाको सीईओको नियुक्ति नै मन्त्रिपरिषदबाट हुनुपर्नेमा उक्त निर्णयलाई ८ महिनासम्म कार्यान्वयन नै नगरी दुराशयपूर्वक वैकल्पिक सदस्यलाई उपस्थित गराई सीडीएससी सञ्चालक समितिले आफ्नै तजविजमा निज पन्दाकलाई प्रवन्ध सञ्चालक नियुक्त गरेको देखिन्छ जुन कार्य कानूनी शासन र सुशासन समेतको विपरीत रहेको स्पष्ट छ ।

५. सीडीएस एन्ड क्लियरिङ लिमिटेडको प्रबन्धपत्रको दफा ३५ (१), (२) र (३) मा सञ्चालक समितिले आवश्यक देखेमा कम्पनीका सञ्चालकहरु मध्येबाट एक जनालाई प्रबन्ध सञ्चालक नियुक्त गर्न सक्ने र त्यसरी नियुक्त भएको प्रबन्ध सञ्चालकले कम्पनीको कार्यकारी प्रमुख भई काम गर्ने; प्रबन्ध सञ्चालकको योग्यता, काम कर्तव्य र अधिकार तथा निजले पाउने पारिश्रमिक तथा सुविधा सञ्चालक समितिले करारमार्फत् निश्चित गर्न सक्ने; र, त्यसरी करार गर्दा कार्य सम्पादन नतिजालाई समेत आधार मान्नुपर्ने व्यवस्था गरिएको छ । तर निज पन्दाकसँग के कस्तो करार सम्झौता गरियो र निजको कार्य सम्पादन के कस्तो मूल्याङ्कन गरियो र कार्य सम्पादन नतिजा के कस्तो रहेकोले के कस्तो आधारमा ४ वर्षका लागि नियुक्त गरिएको हो भन्ने पारदर्शी छैन ।

६. निज पन्दाकको सिडिएससीको सीईओको रुपमा नियुक्ति र निरन्तरता नै गैरकानुनी रहेको छ । उनी प्रचलित कानुनी व्यवस्थाविपरीत पदमा बहाल छिन् । पन्दाक मूलतः नेपाल स्टक एक्सचेन्ज (नेप्से) को नवौं तहकी कर्मचारी हुन् । नेप्सेको 'कर्मचारी सेवा शर्त विनियमावली, २०७३ मा कर्मचारीको काज वा सरुवासम्बन्धी दुईवटा व्यवस्था उल्लेख छन् । दफा ६१ (काज, अध्ययन तथा सरुवा) मा भनिएको छ- नेप्से सेवामा कार्यरत कर्मचारीलाई प्रमुख कार्यकारी अधिकृतले नेप्सेको कामको सिलसिलामा नेप्से सम्बद्ध संस्था तथा सहायक कम्पनीमा कामको अवधि तोकी काज खटाउन वा सरुवा गर्न सक्नेछ । काजमा वा सरुवा भई जाने कर्मचारीको दैनिक तथा भ्रमण भत्ता आर्थिक प्रशासन सम्बन्धी

विनियमावलीमा तोकिए बमोजिम हुनेछ। त्यस्तो विनियमावलीमा कर्मचारीको दैनिक तथा भ्रमण भत्ता नतोकिएसम्म समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. त्यसैगरी, दफा ६४ (बेतलबी काज) मा भनिएको छ- नेप्सेले सेवामा १० वर्ष सेवा अवधि पूरा गरेको कुनै कर्मचारीलाई नेप्सेसँग सम्बन्धित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संगठन वा संस्थामा काम काज गर्न नेप्सेको सेवा अवधि भरमा एक बर्षमा नबढ्ने गरी बेतलबी काजमा पठाउन सक्नेछ। त्यस्तो कर्मचारीले नेप्सेबाट सो अवधि भर कुनै तलब, भत्ता तथा सुविधा प्राप्त गर्ने छैन ।

८. नेप्सेको कर्मचारी सेवा सर्त विनियमावली, २०७३ को विनियम ६१ ले नेप्सेबाट नै तलब सुविधा लिएर दैनिक तथा भ्रमण भत्ता प्रदान गर्ने व्यवस्था गरेको छ । यो अवस्थामा समेत सञ्चालक समितिले तोकेर मात्र पठाउन सक्ने व्यवस्था गरेको छ। सीडीएससीमै प्रतिनिधित्व गर्ने नेप्सेकै अर्का कर्मचारी का. मु. ८ तहका सुदर्शन उपाध्यायलाई मासिक भत्ता दिने र तलब तथा अन्य सुविधा नेप्सेबाट नै दिने गरिएको छ। यस्तो अवस्थामा नेप्सेकै अर्को कर्मचारी (९ तह) भने सम्पूर्ण तलब भत्ता समेत सिडिएससीबाट नै लिने गरी नियुक्ति गरिनु कानुनसम्मत छैन। सोही विनियम ६४ ले बेतलबी काजको रुपमा सेवा अवधिभर १ वर्ष मात्रका लागि खटाउन सक्ने व्यवस्था छ। तसर्थ, पन्दाकको नियुक्तिलाई नेप्से र सीडीएससी सम्बन्धी कुनै पनि कानुनले सम्बोधन गर्न सक्ने अवस्थाको छैन।

९. पन्दाकले सेवा सुविधा सिडिएसीबाट लिइरहेको हुनाले उनको दफा ६४ अनुसारको बेतलबी काज हो। १ वर्ष बितिसक्दा पनि कानुनी व्यवस्थाको ठाडो उल्लंघन गरी नेप्सेको दरबन्दी नछोडेको र राजीनामा नदिई सिडिएससीको सिईओ पदमा आसिन छिन्। तत्कालीन सञ्चालक समितिसँगको मिलेमतोमा निजलाई विधि र प्रक्रिया मिचेर, बिनाप्रतिस्पर्धा र आवश्यक योग्यताबिनै सीईओमा नियुक्ति दिइएको स्पष्ट भएकोले निजको नियुक्ति प्रक्रिया नै गैरकानुनी भएकोले सो नियुक्ति बदरभागी छ ।

१०. सीडीएससीको सीईओमा प्रविन पन्दाकको नियुक्ति गरिएको सम्बन्धी कानूनी व्यवस्था समेत स्पष्ट देखिदैन। निज नेप्सेको कर्मचारी भई हाल समेत उक्त पदमा बहालै रहेको अवस्थामा के कुन कानूनी व्यवस्था बमोजिम दोहोरो सुविधा पाउने गरी सीडीएससीमा नियुक्ति पाई के कति अवधि काम गर्न मिल्ने नमिल्ने अवस्था हो भन्ने सम्बन्धमा कुनै जानकारी समेत दिइएको छैन। नेप्से कर्मचारी सेवा शर्त विनियमावली २०७३ को

परिच्छेद ६ मा काज, सरुवा र अध्ययनसम्बन्धी व्यवस्था स्पष्ट छ। विनियमावली अनुसार नेप्सेमा कार्यरत कर्मचारीलाई नेप्सेसम्बद्ध संस्था वा सहायक कम्पनीमा काज खटाउन सकिने भए पनि त्यसका लागि अवधि, उद्देश्य र अधिकार स्पष्ट हुनुपर्ने व्यवस्था छ। विशेषगरी विनियम ६१ ले काजको अवधिसहित कामको सिलसिलामा मात्रै खटाउन सकिने व्यवस्था गरेको छ। तर, उनको यो नियुक्ति नेप्सेको कर्मचारी विनियमावलीअनुसार वैधानिक देखिँदैन।

११. पन्दाकलाई एक वर्षे काजका लागि सीडीएससी पठाइएको भनिए पनि उनलाई सीडीएससीको सञ्चालक समितिले चार वर्षे कार्यकाल हुने सीईओमा नियुक्त गर्नु विनियमावलीको व्यवस्था विपरीत छ। अर्कोतर्फ, पन्दाकलाई सीडीएससीमा सीईओ बन्ने गरी काज पठाइएको कुनै आधिकारिक निर्णय वा कागजात पनि उपलब्ध गराइएको छैन। तसर्थ, कर्मचारी विनियमावली अन्तर्गत पन्दाकलाई सीडीएससी पठाइएको हो भन्न सक्ने स्थिति विपक्षीहरुको छैन।

१२. निज पन्दाकको नेप्सेको कर्मचारी पद समेत कायम रहेको अवस्थामा अन्यत्र गई कार्य गर्दा नेप्सेको काम कारबाहीमा कुनै प्रभाव पर्ने अवस्था छ। साथै, प्रविन पन्दाक सीईओ बनेपछि पूँजीबजार र शेयर अभौतिकीकरणमा व्यापक नकारात्मक प्रभावहरु पर्दै आएका देखिन्छन्। विवादास्पद व्यक्तिलाई नियुक्ति गरिएको र विवादास्पद व्यक्तिले विवादास्पद कार्यहरु गरेको भन्ने समाचारहरु व्यापकरुपमा प्रकाशन, प्रचार, प्रसार भएका छन्। विवादास्पद व्यक्तिलाई देशको संवेदनशील सार्वजनिक संस्थाको सीईओको पदमा नियुक्ति गर्न नहुने मात्र होइन कि त्यस्तो व्यक्तिलाई अयोग्य मान्नुपर्ने हुन्छ। उदाहरणका लागि, सीडीएससीले तयार पारेको 'धितोपत्र अभौतिकीकरण कार्य सञ्चालन निर्देशिका २०८२ को मस्यौदा लगायतका सीडीएससीले तयार पारेका धितोपत्र सम्बन्धी विनियम, निर्देशिका र कार्यविधिहरु पारित तथा लागू गर्नुअघि त्यसको नियामक निकाय तथा सरकारको अनुमति तथा स्वीकृति लिनुपर्ने हुन्छ तर सो समेत भएको देखिदैन।

१३. पन्दाक सीईओ बनेपछि पछिल्ला महिनाहरूमा सीडीएससीको सिस्टम वा प्रणालीमा सुधार गरी भरपर्दो तथा सुरक्षित नबनाउने तर विभिन्न विवाद सिर्जना गरेर पूँजीबजार नै बन्धक बनाउँदै आएको देखिन्छ। कानुनी आधार नपुगेको दोहोरो इन्टरनेसनल सेक्युरिटी आइडेन्टिफिकेसन नम्बर (आईजिन) सम्बन्धी विवाद झिकेर पन्दाकले त्यो लागू गर्नुपर्ने भन्दै पछिल्ला महिनाहरूमा सेयर अभौतिकीकरण प्रक्रिया ठप्प हुने अवस्था सिर्जना गरेको,

संस्थापक सेयर निष्क्रिय बनेको र लगानीकर्ताको अर्बौं रुपैयाँ बराबरको सम्पत्ति व्यवहारतः रोकिएको अवस्था छ । विद्यमान 'धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र 'धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ ले लक–इन अवधि समाप्त भएपछि संस्थापक सेयर सर्वसाधारण सेयरसरह किनबेच गर्न पाउने स्पष्ट व्यवस्था गरेको छ । तर सीडीएससीले कानुनी स्वीकृति नपाएको नयाँ निर्देशिकाको मस्यौदालाई आधार मानेको कारण अभौतिकीकरण नै रोकिएर बजारमा अन्योल बढेको देखिन्छ जसका कारण संविधानको धारा २५ द्वारा प्रत्याभूत सम्पत्तिको हकको निर्वाध उपयोग गर्नबाट समेत वञ्चित भई कयौं व्यक्ति र कम्पनीहरू समेत मर्कामा पर्नुपरिरहेको छ ।

१४. सीडीएससीकी सीईओ पन्दाकबाट दोहोरो आईजीनको नाममा आफूलाई प्राप्त अख्तियारको गम्भीर उल्लंघन भइरहेको छ । सीडीएससी 'एसोसिएसन अफ नेशनल नम्बरिङ एजेन्सिज (अन्ना) को सदस्य संस्था हो । अन्नाद्वारा प्रतिपादित अन्तर्राष्ट्रिय मापदण्डको सिद्धान्तअनुसार यदि दुई शेयरको लाभांश र मताधिकार समान छ भने तिनीहरूको आईजीन पनि एउटै हुनुपर्दछ । भारत, चीन, अमेरिकालगायत अन्नाका २५५ सदस्य मुलुकमा दोहोरो आईजीनको अभ्यास छैन । तर पन्दाकले संस्थापक र सर्वसाधारण समूहको लागि फरक–फरक आईजीन कार्यान्वयन गराउने नाममा धितोपत्र अभौतिकीकरण कार्य रोकेंकी छिन् । सिडिएससीले स्वीकृतिको लागि धितोपत्र बोर्डमा पठाएको दोहोरो आइजीसम्बन्धी निर्देशिका स्वीकृत भएको छैन । पन्दाकले भने दोहोरो आइजीनको कारण देखाएर संस्थापक शेयर समूहको धितोपत्र अभौतिकीकरण कार्य रोकेर राखेकी छन् । यो कार्य अन्तर्राष्ट्रिय अभ्यासविपरीत हुनुको साथै नेपालको प्रचलित कानुनविपरीत पनि छ । साथै, लगानीकर्ताहरुलाई धितोपत्र अभौतिकीकरण रोक्नुको लिखित कारण पनि दिन सकेकी छैनन् । पीडित संस्था र लगानीकर्ताहरुले पटक-पटक लिखित कारण माग्दा पनि पूरै बेवास्ता गरेकी छन् । सार्वजनिक निकायको महत्वपूर्ण पदमा पदासिन व्यक्तिले गर्ने गैरजिम्मेवारीको हद योभन्दा बढी हुन सक्दैन । जसको प्रभाव निम्नानुसार परेको छ :

१४.१. लगानीकर्ताको सवा ३५ अर्ब रकम बन्धकः अनुचित आर्थिक लाभ लिने वा प्रतिशोध साँध्ने गलत उद्देश्यले १ वर्षदेखि विभिन्न कम्पनीहरूको शेयर अभौतिकीकरण (De-mat) गर्न रोकिँदा लगानीकर्ताको अर्बौंको सम्पत्ति बन्धक बनेर मूल्यहीन सम्पत्ति (Dead Capital) मा परिणत भएको छ । आर्थिक वर्ष २०८१/०८२ मा १२ कम्पनीको ९ अर्ब ८९ करोड १९ लाख ७५ हजार र आर्थिक वर्ष २०८२/०८३ मा १२ कम्पनीको २५ अर्ब ३४ करोड २४ लाख ४९ हजार र ५०० रुपैयाँ गरी कूल ३५

अर्ब २३ करोड ४४ लाख २४ हजार ६०० रुपैयाँ मूल्यहीन सम्पत्तिमा परिणत भएको छ। यसको सबैभन्दा ठूलो मार ऊर्जासम्बन्धी कम्पनीले खेपेको छ। अभौतिकीकरण रोक्का हुने २४ कम्पनीमध्ये ऊर्जासम्बन्धी कम्पनी १५ रहेका छन्। प्रमोटरहरु पुँजी बजारका सबैभन्दा महत्वपूर्ण खम्बा हुन्। उत्पादनमा प्रत्यक्ष संलग्न हुने उनीहरुलाई हतोत्साही बनाइनु हुँदैन। वर्षौं होल्ड भएको लगानीले प्रतिफल पाउने सुनिश्चतता दिनुपर्छ। पुँजीको मूल औचित्य सट्टेबाजी नभएर उत्पादन, निर्माणका लागि प्लेटफर्म तयार गर्नु हो। प्रमोटरले लगानीको प्रतिफल पाउन सकेनन् भने जलविद्युत, होटल, उत्पादनजस्ता राष्ट्रनिर्माणका आधारहरुमा लगानीको खडेरी लाग्छ। निजी क्षेत्र निस्क्रिय बन्छ। पन्दाकको उक्त गैरकानुनी, भ्रष्टाचारजन्य र प्रतिशोधपूर्ण कार्यले यसरी पुँजी बजारको सबैभन्दा महत्वपूर्ण पिलरमा प्रहार गरेको छ।

१४.२. विदेशी लगानीकर्तामाथि 'अघोषित प्रतिबन्ध': सिडिएससीले सिर्जना गरेको दोहोरो आईजीनको विवादले ऊर्जा क्षेत्रका विदेशी लगानीकर्तामाथि 'अघोषित प्रतिबन्ध' को अवस्था उत्पन्न भएको छ। यसको प्रमुख कारण हो– दोहोरो आईजीन कार्यान्वयन भएमा संस्थापक लगानीकर्तामाथि हुने दोस्रो दर्जाको व्यवहार। हालको ३ वर्षको लकइन अवधि उनीहरूका लागि सामान्य र स्वाभाविक प्रावधान हो, जुन विश्वभरि प्रचलनमा पनि छ। तर 'मेरो सेयरको परिचय नै बदलिदिने' र 'मेरो सम्पत्तिलाई बजारबाट गायब बनाउने' दोहोरो आईजीनको अवधारणा भने अपरिचित र जोखिमपूर्ण छ। दोहोरो आईजीनले संस्थापक लगानीकर्ताको सेयरलाई 'दोस्रो दर्जा'मा पुर्याउँछ, जसलाई बैंकमा धितो राख्नसमेत मिल्दैन। यही जोखिमले गर्दा उनीहरू नेपाल आउनुको सट्टा अन्य देश रोज्ने वातावरण बनिरहेको छ। पन्दाकको गैरकानुनी कार्यले विदेशी लगानीकर्तामाथि 'अघोषित प्रतिबन्ध' लागेको छ। विश्व बजारमा 'नेपालमा लगानी सुरक्षित छैन' भन्ने घातक सन्देश प्रवाह भइरहेको छ। यसको प्रभाव १० वर्षभित्र २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने सरकारी लक्ष्यसहितको ऊर्जा विकास मार्गचित्र कार्यान्वयनमा पनि परेको छ।

१४.३. संविधान प्रदत्त 'सम्पतिको हक' हनन: पन्दाकको उक्त कार्यले नेपालको संविधानले नागरिकलाई प्रदान गरेको सम्पत्तिको हकसमेत हनन् भएको अवस्था छ। संविधानको धारा २५ (सम्पत्तिको हक) मा भनिएको छ– 'प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।' आमलगानीकर्ताको अर्बौंको सम्पत्तिलाई मूल्यहीन बनाउने कार्य संवैधानिक तथा कानुनी रुपमा अक्षम्य अपराध हो।

१४.४ गैरकानुनी शुल्क असुली र लगानीकर्तामाथि ठगी: एकातिर धितोपत्र अभौतिकीकरण रोकेर लगानीकर्ताको अर्बौंको सम्पत्ति मूल्यहीन (Dead Capital) बनाइएको छ भने अर्कोतर्फ अभौतिकीकरण नगरिएका धितोपत्रको नाममा दर्ता तथा वार्षिक शुल्क असुलिएको छ। पन्दाकको निर्देशन र निर्णयको आधारमा १५ वटा कम्पनीलाई सतप्रतिशत वार्षिक शुल्क (संस्थापक र सर्वसाधारण दुबै समूहतर्फको शुल्क) तिर्न बाध्य बनाइएको छ। संस्थापक शेयरधनीलाई आईजीन (शेयर नम्बर) प्रदान नगरेरै वार्षिक शुल्क असुल गरिनु गम्भीर आर्थिक अनियमितता, लगानीकर्तामाथि गरिएको ठगी र प्रक्रियागत भ्रष्टाचार अन्तर्गत पर्ने स्पष्ट छ।

१४.५ आर्थिक अनियमितता र राज्यकोषको दोहन: निज पन्दाकले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति बेगर नै आफूखुसी तलब भत्ता वृद्धि गरी करोडौं रकम भुक्तानी लिएकी छन्। यो विषय महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा समेत बेरुजु र असुल उपर गर्नुपर्ने भनी औंल्याइएको छ। महालेखाले प्रश्न उठाउँदा उठाउँदै पनि सो रकम फिर्ता गर्नुको साटो थप सुविधा लिई राज्यकोषको दोहन गरिरहेकी छिन्। त्यसैगरी संस्थामा दरबन्दी नरहेका पदहरूमा र आवश्यकता नभएका ठाउँमा लोक सेवा आयोगको सामान्य सिद्धान्त र सार्वजनिक खरिद ऐन विपरित विज्ञापनबिनै आफ्ना मान्छे/नातेदारलाई कन्सल्टेन्ट र करारका नाममा भर्ना गरी संस्थालाई आर्थिक भार बोकाउने काम गरेकी छिन्।

१५. यसरी, स्पष्ट कानूनी प्रावधानलाई समेत लत्याई गरिएको नियुक्ति प्रथम् दृष्टिमै राष्ट्रहितविपरीतको तथा गैरकानूनी कार्यलाई तत्काल नरोक्ने वा खारेज नगर्ने हो भने कानूनीशासन तथा सुशासनको उल्लंघन हुने, त्यसबाट देशलाई गम्भीर तथा अपूरणीय क्षति पुग्ने र आम नागरिकहरुको हक अधिकारमा ठूलो आघात पर्ने देखिदा देखिदै यस्तो गम्भीर तथा संवेदनशील विषयलाई विपक्षीहरुले बेवास्ता गर्नुभएको वा यस विषयमा उदासीन रहदै आएको देखिन्छ।

१६. सीडीएससीजस्तो सार्वजनिक र धितोपत्र बजारको माध्यमबाट मुलुकको आर्थिक विकासको सबभन्दा ठूलो आधारस्तम्भको रुपमा रहेको निकायको सार्वजनिक पदमा र त्यसमा पनि नेतृत्वदायी पदमा नियुक्त गर्नुपूर्व र नियुक्ति गरिसकेपछि पनि त्यस्तो नियुक्तिको आधार र कारणबारे जानकारी पाउने सबै नागरिकको सूचनाको हक हुन्छ। साथै, नियुक्ति कानूनी व्यवस्था बमोजिम हुने र नियुक्त भएको व्यक्तिबाट देश र आम नागरिकको हितमा काम कर्तव्य निर्वाह हुने वैध अपेक्षा राख्नु अन्यथा हुँदैन। धितोपत्र बजार राम्रोसँग बुझेको,

तोकिएको योग्यताभन्दा धेरै माथिल्लो योग्यता भएको अत्यन्त योग्य, क्षमतावान, दूरदर्शी, इमानदार, उच्च नैतिक चरीत्र भएको र राष्ट्रभक्त व्यक्तिलाई नियुक्त गर्नुपर्नेमा तोकिएको सामान्य योग्यता समेत नपुगेको व्यक्तिलाई गरिएको नियुक्ति कुनै पनि दृष्टिकोणबाट उपयुक्त मान्न सकिदैन। साथै, सीडीएससी जस्तो सार्वजनिक संस्थामा निकायमा गरिने नियुक्ति राष्ट्रहितसँग सम्बन्धित विषय समेत हो। तसर्थ, प्रचलित कानून बमोजिम योग्यतम् व्यक्तिलाई उचित प्रक्रिया बमोजिम सीईओ नियुक्ति गर्नुपर्नेमा सो बमोजिम नगरी कानूनले स्पष्टरुपमा निर्धारण गरेको योग्यता नपुगेको व्यक्ति पन्दाकको सम्बन्धमा सरोकारवालाहरु लगायतका आम नागरिकले उठाएका गम्भीर प्रश्नहरु तर्फ ध्यान नदिई हठात् रुपमा नियुक्त गरेको कार्य शासकीय शक्तिको दुरुपयोग, स्वेच्छाचारिता र आम नागरिक एवं राष्ट्रप्रति अहित हुने कार्य हो। अतः सीडीएससीको सीईओको पदमा निज पन्दाकलाई स्वेच्छाचारीरुपमा गरिएको नियुक्ति प्रथम् दृष्टिमा नै गैरसंवैधानिक तथा गैरकानूनी हुनुको साथै सुशासनको मान्यता विपरीत छ। निज पन्दाकलाई गरिएको नियुक्तिको निर्णय र सोसम्बन्धी काम कारबाही समेत गैरसंवैधानिक र गैरकानुनी भएकाले बदरभागी छन्।

१७. तसर्थ माथि प्रकरणहरुमा उल्लेखित तथ्य, कानून, नजीर सिद्धान्त बमोजिम विपक्षी पन्दाकलाई सीडीएससी सञ्चालक समितिद्वारा सीडीएससीको सीईओको पदमा नियुक्ति गर्न गरिएको कार्य गैरसंवैधानिक, गैरकानूनी, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त, नेप्सेको कर्मचारी सेवा सर्त विनियमावली, २०७३ र सीडीएससीको सीईओसम्बन्धी अन्य कानूनी व्यवस्था तथा वैध अपेक्षा समेतको विपरीत भएको तथा उक्त निर्णयले देशको धितोपत्र तथा पूँजीबजारको माध्यमबाट समग्र आर्थिक एवं वित्तीय क्षेत्रमा अपूरणीय नकारात्मक असर समेत पार्ने भएकोले सीडीएससी सञ्चालक समितिद्वारा उक्त मिति २०८१।०९।१४ को विपक्षी पन्दाकलाई सीडीएससीको प्रबन्ध सञ्चालक तथा कार्यकारी प्रमुखको पदमा नियुक्ति गर्ने गरिएको निर्णय, निजलाई दिइएको नियुक्ति-पत्र, पदपूर्तिको लागि सिफारिस समितिले सिफारिस गरेको भए त्यस्तो सिफारिस र सोसँग सम्बन्धित सम्पूर्ण काम कारवाहीहरु इजलास समक्ष पेस गर्न लगाई गैरकानूनी निर्णय, सिफारिस र नियुक्तिका सबै कार्यहरु उत्प्रेषणको आदेशद्वारा बदर घोषित गरिपाऊँ।

१८. मिति २०८१।०९।१४ मा सीडीएससीको सीईओमा नियुक्त भएकी प्रविन पन्दाकको गैरकानूनी तथा अदूरदर्शी कार्यबाट नेपालको धितोपत्र बजार, वित्तीय तथा अर्थ व्यवस्था नै धराशयी हुने र यसबाट आम धितोपत्र सरोकारवालाहरु र राष्ट्रलाई नै गम्भीर तथा अपूरणीय क्षति हुने प्रवल सम्भावना रहेकोले प्रस्तुत रिटनिवेदन उपर प्रथम् सुनुवाइ भएकै मितिदेखि

निज प्रविन पन्दाकलाई सीडीएससीको प्रबन्ध निर्देशक तथा कार्यकारी प्रमुख (सीईओ) को रुपमा काम काज नगर्नू नगराउनू भनी विपक्षीहरुका नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ ।

१९. साथै, राष्ट्रको महत्वपूर्ण तथा संवेदनशील सार्वजनिक सरकारी निकायको रुपमा रहेको सीडीएससीको सीईओमा संविधान तथा प्रचलित कानूनी व्यवस्था र सार्वजनिक क्षेत्रका निकाय तथा संस्थाको सुशासनको मर्म र भावनाबमोजिम कानूनद्वारा तोकिएका योग्यताहरु पूरा गरेका उत्कृष्ट योगयता तथा क्षमता र उच्च नैतिक चरीत्र भएका निर्विवाद नेपाली नागरिक उम्मेदवारहरु मध्येबाट स्वच्छ प्रतिस्पर्धात्मक विधि तथा प्रक्रियाबाट छनौट गरी नियुक्ति गर्नू गराउनू भनी विपक्षी नं १, २, ४, ५, ६ समेतका नाममा परमादेश लगायतका उपयुक्त आदेश जारी गरी पाउँ ।

२०. प्रस्तुत निवेदन संविधानको धारा १४४, न्यायप्रशासन ऐन, २०७३ को दफा ८ तथा मुलुकी देवानी संहिता, २०७४ को दफा २६ (३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्दछ ।

२१. यससम्बन्धमा अन्यत्र उजुर गरेको छैन ।

२२. राष्ट्रिय महत्व एवं सार्वजनिक सरोकारको विषय भएकोले प्रस्तुत रिटनिवेदनलाई अग्राधिकार दिई न्याय निरोपण गरी पाउँ ।

२३. प्रस्तुत रिटनिवेदनमा अन्य कुनै निकायलाई समेत बुझ्नुपर्ने वा विपक्षी कायम गर्नुपर्ने देखिएमा उच्च अदालत नियमावली, २०७३ को नियम ४१ (३) बमोजिम सोसमेत गरिपाउँ ।

२४. रिटनिवेदनको पक्षमा हुने बहस पैरवी, नजीर सिद्धान्त, कानूनीबूँदा र प्रमाणसमेतलाई प्रमाण लगाइपाउँ ।

२५. संलग्न कागजातहरु:

क) निवेदकको परिचयपत्रको प्रतिलिपि ।

ख) प्रत्यर्थी निकायहरु सीडीएससी र नेप्सेसँग सूचना माग गरिएका निवेदनहरुको प्रतिलिपि ।

ग) मा प्रकाशित समाचारको प्रतिलिपि ।

<u>रिटनिवेदक</u>

वरिष्ठ अधिवक्ता उत्तम बहादुर श्रेष्ठ................१

ईति संवत् २०८२ साल माघ २३ गते रोज ६ शुभम् । ........................................

# उच्च अदालत पाटन
## बाट जारी भएको

# तारिख-पर्चा

अदालतको कामकारवाहीको सम्बन्धमा तपाईंको गुनासो भए सम्बन्धित शाखाको अधिकृत, उप-रजिष्ट्रार, रजिष्ट्रार वा मुख्य न्यायाधीश समक्ष राख्न सक्नु हुनेछ ।

०८१-WO-१२५६

सम्वत् २०..८१.... सालको..............................

मुद्दा :..उत्प्रेषण परमादेश..............................

दर्ता मिति :..२०८१।१०।२७..............................

वा.अ. उत्तम बहादुर मोक्तान पुनरावेदक/निवेदक/वादी

विरुद्ध

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (टेलिकम) समेत

..............................प्रत्यर्थी/विपक्षी/प्रतिवादी

..........पेशी..............................को तारिख पर्चा

फाँट.......२८.......फाँटवाला :..............................

असहाय, अशक्त वा थुनुवा वा नाबालक वा आर्थिकरुपमा विपन्न वा कानूनी सहायता उपलब्ध गराउन आवश्यक भएको जुनसुकै मुद्दाका त्यस्ता पक्षलाई यस अदालतबाट वैतनिक वकिल मार्फत निःशुल्क कानूनी सहायताको प्रबन्ध गरिएको छ।

मिति : २०.......... । .............. । .......... मा

सम्वत् २० ........ साल .............. महिना ............ (........)
गतेका दिन .............. बजे ................ को लागि यस
अदालतमा हाजिर हुन आउनु होला ।

तारिख दिनेको दस्तखत

मिति : २०.......... । .............. । .......... मा

सम्वत् २० ........ साल .............. महिना ............ (........)
गतेका दिन .............. बजे ................ को लागि यस
अदालतमा हाजिर हुन आउनु होला ।

तारिख दिनेको दस्तखत

मिति : २०.......... । .............. । .......... मा

सम्वत् २० ........ साल .............. महिना ............ (........)
गतेका दिन .............. बजे ................ को लागि यस
अदालतमा हाजिर हुन आउनु होला ।

तारिख दिनेको दस्तखत